DWCRU

# दनुवार महिला समाज सुधार संघ

## भूमिका :

दनुवार जाति नेपाल सरकारद्धारा मान्यता प्राप्त ५९ आदिवासी जनजातिहरु मध्ये एक आदिवासी जनजति हो र यसलाई अति सिमान्तकृत समूहमा सूचिकृत  गरिएको छ । यी जातिहरुको बढी घनत्व नेपालका विभिन्न जिल्लाहरु( उदयपूर, मोरङ, सप्तरी, काभ्रे, सर्लाही र महोत्तरी आदिमा रहेको पाइन्छ । नेपाल केन्द्रिय तथ्याङ्क विभागको तथ्यांक (२०५७) अनुसार दनुवारहरुको हालको जनसंख्या जम्मा ५३,२२९ रहेको छ । जसमा कुल जनसंख्याको ५१ प्रतिशत महिलाहरुको जनसंख्याले ओगटेको छ ।

दनुवारहरुको प्रमुख पेशा कृषि भए पनि केहि संख्यामा उनीहरु सरकारी तथा गैर सरकारी संघसंस्थामा आबद्ध हुनुको साथै अन्य सानातिना व्यापार व्यवसायमा पनि सहभागिता देखिन्छ । मकै गोड्दा गाइने *रामदाल गित* यो नेपालको समुदाय  मात्र गाइने गित हो ।

दनुवार महिला समाज सुधार संघ( द.म.सु.स.) , दनुवारमहिलाहरुको सामाजिक, सँस्कृतिक, आर्थिक र राजनीतिक हक र अधिकारलाई संवर्न्द्धन र प्रर्वधन गर्ने प्रतिवद्धताका साथ स्थापना भएको एक मुनाफा रहित स्वतन्त्र, गैर राजनितिक विशुद्ध जातिय संस्था हो । यो संस्था २०६० सालमा स्थापना भई जिल्ला प्रशासन कार्यलय काठमाडौंमा दर्ता हुनुको साथै समाज कल्याण परिषदमा पनि आवद्ध भई सकेको छ । साथै यो राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, २४ वटा आदिवासी जनजाति महिलाहरुको छाता संगठनको पनि एक सदस्यको रुपमा रहेको छ ।

दनुवार महिला समाज सुधार संघ( द.म.सु.स.) को को केन्द्रिय समितिको विधान अनुसार प्रत्येक ३ /३ वर्षमा एक पटक हुने महाधिवेशनको लोकतान्त्रिक निर्वाचन प्रकृयाबाट ११ सदस्यि केन्द्रिय कार्यकारिणी समितीको चयन हुने गर्दछ ।  महाधिवेशनले पारित गरेको नीतिनियम र मार्गनिर्देशन अनुसार संस्थाको कार्यक्रमहरुको निरिक्षण र नियन्त्रण गर्ने जिम्मा पनि उक्त केन्द्रिय समितिमा नै रहने गर्दछ ।

**संगठनिक ढाँचा**

केन्द्रिय कार्यकारिणी समिती

↓

जिल्ला समिति

↓

प्रारम्भिक इकाई समिति (गा.वि.स./नगरपालिका)

## दिर्घकालिन सोच :

दनुवारमहिलाहरुलाई राष्ट्र विकाश प्रकृयामा समाहित गराउँदै जातिय, भाषिक, धार्मिक र लैंगिक आधारमा समता र समानता प्राप्त गराउन सक्षम बनाउने ।

## ध्येय :

समाजमा रहेका दनुवारमहिलाहरुलाई ग्रामिण तह देखि जिल्ला हुँदै राष्ट्रिय तथा अर्न्तराष्टिय् स्तर सम्म ल्याउन सशक्तिकरण गर्नुका साथै समाजमा विद्यमान लैङ्गिक र जातिय विवेदहरुलाई हटाउन योगदान पुऱ्याउनु ।

## उद्देश्यहरु :

१. दनुवार महिलाहरुमा सामाजिक, साँस्कृतिक, आर्थिक, भाषिक र दनुवार पहिचान बारे सचेतना जगाउने ।

२. दनुवारमहिलाहरुलाई तालिम, कार्यशाला गोष्ठी, अर्न्तकृया, प्रकाशन, अध्ययन तथा अनुसन्धान आदि कार्यक्रमहरुद्धारा सशक्तिकरण गराउने ।

३. दनुवारमहिलाहरुलाई राज्य संयन्त्रमा मूलप्रवाहित गराउन वकालत तथा पहल गर्ने ।

४. आदिवासी जनजाति तथा महिलाहरुको आवाजलाई बुलन्द पार्न साझा उद्देश्य भएका राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ/संस्थाहरुसंग सम्बन्ध विस्तार गर्ने ।

५. दनुवारसमुदाय माझ लैगिक सचेतना सम्बन्धी कार्यक्रमहरु गर्ने ।

६. आर्थिकरुपमा पिछडिएका दनुवारमहिलाहरुलाई उत्थान गर्ने खालका परियोजनाहरु संचालन गर्ने ।

## कार्यक्रम/कृयाकलाप :

द.म.सु.स.ले स्थापना काल देखि निम्न कार्यक्रम/कृयाकलापहरु सम्पादन गर्दै आएको छ :

१. भाषा तथा संस्कृति जर्गेना गर्ने खालका कार्यक्रम

- साँस्कृतिक कार्यक्रमे आयोजना
- जातिय भेषभूषा तथा प्रर्दशनी
- दनुवार संस्कृति र परम्परा बारे चेतना अभिवृद्धि कार्यक्रम

२. दनुवारमहिलाहरुलाई आर्थिक, सामाजिक र राजनैतिक रुपमा सशक्तिकरण गर्ने कार्यक्रम

- महिला अधिकार, कानुनी अधिकार तालिम
- आदिवासी जनजाति महिलाहरुको सामाजिक साँस्कृतिक अधिकार तालिम
- क्षमता अभिवृद्धि (उद्घोषण, नेतृत्व विकास आदि) तालिम
- संस्थागत विकास तालिम संचालन.

३. संगठनको विस्तार र विकासका लागी विभिन्न जिल्लाहरुमा गठन भएका जिल्ला समितिहरुको संस्थागत विकास गर्ने र बाकी रहेका जिल्लाहरुमा समिति, नगर विकास समिति र गाउं विकास इकाई समितिहरु गठन र विस्तार

४. दनुवार  महिलाहरुको लागी दिगो जिवीकोपार्जनका परम्परागत ज्ञान र  सीपको विकासका साथै स्थानीय स्रोत साधानमा पहुचको लागि कार्यक्रमहरु

५.दनुवार महिलाहरुको हक र अधिकार स्थापित गर्ने खालका कार्यकमहरु

६. दनुवार महिला समाज सुधार संघसंग साझा सवालहरु भएका अन्य संघ संस्थाहरुसंग सम्बन्ध विस्तार गर्दै जाने ।

## कार्यक्रमको मुख्य अपेक्षित उपलव्धिहरु :

१. दनुवार महिलाहरु आर्थिक, सामाजिक र राजनैतिकरुपमा सशक्तिकरण भएका हुनेछन् ।

२.दनुवार महिला समाजको विभिन्न जिल्ला, गाँउ, र इकाई समितिहरुमा संगठनको विस्तार र विकास भएको हुनेछ ।

३.दनुवार महिलाहरुले परम्परागत ज्ञान र सीपको विकास गर्न सक्षम भएका हुनेछन् ।

४.दनुवार महिलाहरुको भाषा तथा संस्कृति जर्गेना भएको हुनेछ ।

५.दनुवार महिलाहरुको हक रअधिकार स्थापित भएको हुनेछ ।

६. दनुवार महिलाहरुको जातीय पहिचान दस्तावेजिकरण भएको हुनेछ  ।

## ठेगाना :

दनुवार महिला समाज सुधार संघ( द.म.सु.स.)
उदयपुर, नेपाल

## Registration No. 284